# नेपाल खानेपानी संस्थानको GI Pipe खरिद सम्बन्धी छानविन प्रतिवेदन

१। उजुरीको संक्षिप्त व्यहोरा

नेपाल खानेपानी संस्थान केन्द्रीय कार्यालय त्रिपुरेश्वरले मिति ०७६/२/६ मा जि.आई.पाइप खरिद सम्बन्धि बोल पत्र आहवान गरेको, उक्त बोलपत्र रु ३८४२५४१६.०९ (भ्याट सहित) मा कबुल गरिएकोमा सो भन्दा बढी रकम कबुल गर्ने अर्को कम्पन्नीको नाममा मिति २०७६/४/१० मा गोरखापत्रमा बोलपत्र स्वकृतिको आसय पत्र प्रकाशित गरेको हुँदा, उक्त बोलपत्रको काम कारवाही उपर छानविन गरी पाँउ भन्ने व्यहोराको भगवती स्टील इण्शट्रिज प्रा.लि को मिति २०७६/४/१४ को उजुरी यस केन्द्रमा प्राप्त भएको ।

## २. छानविनमा पाइएको तथ्यगत व्यहोरा

२.१ नेपाल खानेपानी संस्थान केन्द्रीय कार्यालय त्रिपुरेश्वरले जि.आई.पाइप र सकेट खरिदका लागि मिति२०७६/२/६ मा गोरखापत्रमा विद्युतिय बोलपत्र आहवानको सूचना प्रकाशित गरिएको ।

२.२ उक्त बोलपत्रको सूचना बमोजिम जगदम्बा इन्टरप्राइजेज प्रा.लि, भगवती स्टील इन्डस्ट्रीज प्रा.लि, मैनावती स्टील इन्डस्ट्रीज प्रा.लि र डि.डि इन्टरप्राइजेज समेत चार वटा कम्पनीहरुले बोलपत्र खरिद गरेको देखिन्छ ।सो अनुसार मैनावती स्टील इन्डस्ट्रीज प्रा.लि कबुल रकम रु३९१०४६२३.९८,भगवती स्टील इन्डस्ट्रीज प्रा.लि कबुल रकम रु ३८४२५४१६.०९ र जगदम्बा इन्टरप्राइजेज प्रा.लि कबुल रकम रु ३९२३४७७१.८१ समेत तिन वटा बोलपत्र दाखिला भएको पाइयो ।

२.३ दर्ता भएका बोलपत्रहरु मध्ये सबै भन्दा न्यून मूल्य रु ३८४२५४१६.०९ कबुल गर्ने भगवती स्टील इन्डस्ट्रीज प्रा.लिले प्रकाशित सूचना अनुसार हालसालको (विगत) ३ वर्षको पाइप तथा सकेट सप्लाइ गरेको कागजात पेश नगरेको साथै सकेट उत्पादक कम्पनीको आधिकारी पत्र समेत पेश नगरेको हुँदा उक्त प्रा.ली को बोलपत्र सारभुत रुपमा प्रभावग्राही नभएको कारणबाट आर्थिक मूल्यांकनमा समावेश नगरेको जानकारी कार्यालयले प्रा.लिलाई च.नं.२७ मिति २०७६/४/२१ को पत्रबाट गराएको देखिन्छ ।

२.४ मूल्यांकन समितिको मिति २०७६/३/१६ को सिफारिस बमोजिम दोस्रो न्यूनतम मूल्य रु ३९१०४६२३.९८ कबुल गर्ने मैनावती स्टील इन्डस्ट्रीज प्रा.लि को बोलपत्र सारभुत रुपमा

प्रभावग्राही देखिएकोले मिति २०७६/४/१० गते बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरी च.नं ४२ मिति २०७६/५/५ को पत्रबाट मैनावती स्टील इन्डस्ट्रीज प्रा.लिलाई १५ दिन भित्र सम्भौता गर्न आउने बारेको विषयमा पत्राचार गरेको देखिन्छ ।

## ३. निष्कर्ष तथा राय

नेपाल खानेपानी संस्थानको जि.आइ.पाइप र सकेट खरिद सम्बन्धमा परेको अनियमितताको सम्बन्धमा केन्द्रबाट स्थलगत निरिक्षण हुँदा सार्वजनिक खरिद एन तथा नियमावलीको प्रकृया पुऱ्याइ खरिद गरेको देखिन्छ ।

## ४. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।९।२० को निर्णयः

नेपाल खानेपानी संस्थान लिमिटेड त्रिपुरेश्वरबाट GI Pipe खरिद गर्दा खरिद ऐन नियम विपरीत गरेको भन्ने उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा उजुरीमा सत्यता नदेखिएकोले उजुरी तामेलीमा राख्ने निर्णय गरियो ।